# Puspa Shrestha

Best Quality Resource Site for Class 11 And 12 Students
(Based on Updated Curriculum 2077)

Puspa Shrestha
Best Quality Resource Site for Class 11 And 12 Students (Based on Updated Curriculum 2077)
puspas.com.np

PDF Collections
Notes
Books
Model Questions

This PDF was downloaded from **puspas.com.np**

---

Visit our website for more materials.

puspas.com.np

Follow us on:

AR Dinesh | puspas.com.np | Puspa Shrestha

पाठ २

# गाउँको माया

*- इस्माली*



लगभग दुई वर्षपछि गाउँतिर फर्केको थिएँ । यी दुई वर्षका बिचमा धेरै पटक प्रयास गरेँ - गाउँतिर जाऊँ भनेर । तर हरेक पटक एउटा अल्झो आइपर्थ्यो र प्रयास केवल प्रयासै रहन जान्थ्यो । यसपटक बल्लतल्ल उम्केर आउन सकेको थिएँ । बाटाभरि आँखामा गाउँ नै नाचिरह्यो । मानसपटलभरि गाउँ नै सलबलाइरह्यो - बुधना, परिछन, रामदरस, बखतबहादुर, कान्छो भाइ, आमा, बा, घर, छिमेक, टोल र गाउँ, सुल्ताना डाँकुको नौटङ्की, महावीरजीको झन्डामेला, हाटबजार... अनि यस्तै यस्तै थुप्रै घटनाहरू । एक समय गाउँका यी घटना, भिडभाड, चहलपहलहरूको म प्रत्यक्षदर्शी थिएँ । त्यति मात्र होइन, म पनि तिनमै थिएँ । अहिले आएर ती सबको पृथक्ताबोध कता कता च्वास्स बिझाउँछ - आफैँलाई । गाउँमा बस्न नपाउनुको पीडाबोध हलक्क मौलिन्छ छातीभरि । अस्ति भर्खर मात्र भाइले चिठी लेखेथ्यो, 'दाजु ! अचेल त परिछनको टोलमा बेलुकी बेलुकी 'रबिन-हुड' को नाटक रिहर्सल गर्दै छन् ।' आहा ! चिठी पढेर म कति खुसी भएथेँ... । चिठी पढिसकेपछि जीवनमा मैले लगभग पहिलो पटक बोध गरेँ - हाम्रो गाउँमा पनि साँच्चैका मान्छेहरू रहेछन् जो जीवनलाई बुझ्दै छन् । हाम्रो गाउँ पनि केही हो र केही हुन सक्छ र यही 'केही हुनु' नै मेरा लागि अथवा हाम्रा लागि माने म, बुधना, परिछन र बखतबहादुरका हकमा जीवन खुल्दथ्यो अर्थात् जीवनको, बाँच्नुको माने लाग्दथ्यो ।

एक पटक स्वयम् परिछनले पनि सायद मेरो भाइद्वारा नै हुन सक्छ, लेखाएर पठाएथ्यो - "किसन भाइ ! तिमीहरू त लेखपढ गरेर ठुला मान्छे भयौ । सँगैका साथी हामी, लाग्छ, धेरै पछाडि छुटिसक्यौँ । कठै ! तिमी पनि गाउँमा बसिदिँदा हौ त हामी जस्ता गँवारले पनि दुईचार कुरा जान्ने मौका पाउने थियौँ ।" हुन त परिछनले सोझो हिसाबले नै भनेको होला, तर मलाई कता कता लाग्यो कि मलाई ठुलो मान्छे बनाएर परिछन ममाथि व्यङ्ग्य कस्दै छ । परिछनको यो गुनासोसँगै गाउँ बस्न नपाउनुको पीडाबोध मभित्र फेरि पनि जीवन्त भएथ्यो ।

म लगभग गाउँनजिक आइपुगिसकेको थिएँ । चैते बतास उन्मुक्त भई छारो उडाउँदै थियो । घाम लगभग चर्कंदै थियो र म - कृष्ण, गाउँ पुग्ने लालसमा एकोहोरो एक सुरमा तर्कनाहरूबिच रम्दै धुलौटे सडक नाप्दै थिएँ ।

"जयरामजीकी, किसन भाइ !"

सुनेर सहसा म झस्कें । वरपर हेरें - कताबाट आयो यो परिचित स्वर ? परिछन हो कि ? अथवा बुधना पो हो कि ? अथवा रामदरस पो हो कि ? स्वर खुट्याउन गाह्रो भइरहेथ्यो । हुन सक्छ - यतै कतै हलो जोतिरहेको होला अथवा घाँस खुर्किरहेको होला । नभन्दै सिमलको आडबाट परिछन टुप्लुक्क देखा पऱ्यो, जोत्दाजोत्दैको हलगोरु अड्याएर ऊ हस्याङफस्याङ गर्दै मतिर लम्कँदै थियो ।

"आऊ बसौँ, सियाँलमा एकछिन । घाममा धापिएर आयौ । कहाँबाट - यति बेला ? किन यति दिनमा ? कुनै चिठीपत्र पनि छोडेनौ ? अचानक !" म नजिक आइनपुग्दै परिछनले मेरा सामु थुप्रै प्रश्नहरू ओइऱ्याइदियो ।

जमाना थियो - म र परिछन लँगौटिया यार थियौं । गाई चराउँथ्यौं - सँगसँगै । सिजनमा बदाम, मकै चोरेर ओरहा खान्थ्यौं र गीत गाउँथ्यौं, "गाई चरवाहा टुअर-टापर, भैंस चरवाहा चोर । बकरी चरवाहा छिनर-छानर, ताके चारो ओर ।" ती दिनहरू अब धेरै पछाडि छुटिसके । त्यै गीत अचेल परिछनको छोराले गाउँदो हो गोठालो लागेका बेला - परिछनको छोरो पनि बाउको बिँडो थाम्दै । पछि, अलि उमेरदार भएपछि हली बस्ला । परिछन पनि पहिले गोठालो थियो, लगभग छसात वर्षकै उमेरदेखि । चौधपन्ध्रको किशोर वय नहुँदै बनी कमाउन थाल्यो र पछि हली बस्यो, सायद ज्यालादारीमा । छोरालाई पनि त्यही काम सिकाउँछ र पछि छोराले पनि आफ्नो छोरालाई पनि त्यही काम सिकाउला । यसरी एवम् रितले यो परम्परा अनन्त परिछनहरूका बलिया पाखुरीहरूबाट क्रमशः हस्तान्तरण हुँदै रह्यो । हुन त सायद म पनि त्यही नै हुन्थें होला तर कता, कहाँनिर गल्ती वा सही भयो र मैले काला अक्षरहरूसित मितेरी गाँसें । टोलका मानिसहरूले मेरा आमाबालाई हुटहुटी लगाइदिए, "चलाख छ, कुरो चाँडै टिप्छ । विद्यालय पठाइदिनुस्, भविष्य राम्रो हुन्छ ।" म विद्यालय जान थालें काठको पाटी बोकेर । यहींदेखि परिछन र मबिचको अन्तराल बढ्न थाल्यो । हामी, म परिछनदेखि र परिछन मदेखि, तर्की तर्की हिँड्न थाल्यौं । धेरैपछि जब म केही बुझ्न थालें अनि मैले पहिलोपटक अनुभव गरें - परिछनहरूसँग अन्तराल कदापि बढ्न दिइनुहुन्न र जो हुँदै छ त्यो गल्ती गरिंदै छ । यसपछि परिछनलगायत ती बालदौंतरीहरूसँग फेरि सम्बन्ध कायम गर्न मैले निकै श्रम गर्नुपऱ्यो । विद्यालय बिदा परेको बेला कहिले ओरहा खाने, कहिले गिर खेल्ने, कहिले कपर्दी खेल्ने वा त्यस्तै केही निहुँ पारेर म उनीहरूसँग मिसिन्थें ।

सिमलको फेदमा झोला बिसाउँदै लामो खुई काढेर म रुमालले अनुहारको पसिना पुछ्न थालें ।

"प्यास लाग्यो होला, पानी पिउँछौ ?"

"यहाँ कहाँ पाउनु र पानी ?"

"अरे, के कुरा गर्छौ, सर्बत बिर्साउँछ यहाँको पानीले । पख...." भन्दै ऊ दगुर्दै गयो र जोतिँदै गरेको कोलाको आलीमा रहेको लोटा टिपेर खोलामा झऱ्यो ।

खोलो अचेल फेरि गाउँतिर सोझिएको रहेछ । यो खोलाले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओरहा खाने निहुँमा त कहिले गाईभैँसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौं अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौं । तर्न डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौं र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौं र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि  थियो । "यहींनिर कुवा छ, गए सालको वर्षामा मूल फुटेको  एकदम चिसो र मिठो पानी छ ।" ऊ पानी लिएर आइसकेको थियो ।

"आजकाल गाउँमा तीन पाटी भयो, किस्ना ।"

पानी पिउँदै गर्दा लगभग उदास र आर्द्र उसको स्वर मेरो कानमा गुन्ज्यो । उसले जसरी अँध्यारो मुखमुद्रामा बिनाभूमिका मलाई यो खबर सुनायो । सहसा मलाई लाग्यो - गाउँमा सायद अब अङ्ग्रेजहरूको रोग सर्दै छ, डिभाइड एन्ड रुल ! परिछनहरू भाँचिँदै छन् । परिछनहरूको सगबगाउँदो चेतनासँगै गाउँका ठालुहरू नयाँ जुक्तिहरू सोच्दै छन् ता कि तमाम परिछनहरू परिछन नै रहुन् । अर्थात् क्रीतदासरूपी हलीगोठाला नै रहुन् र मालिकहरूकै कृपापात्र भएर रहुन्, जुन एउटा परम्पराका रूपमा तिनका पुर्खाहरूले तिनका हातमा नासो छोडेर गएका थिए ।

"हँ ऽऽ । यो तेस्रो पार्टी कहाँबाट कसरी आयो त ?"

"किसुन भाइ ! यो दुईतीन बरसमा गाउँमा धेरै उथलपुथल भयो । गए साल रोपाइँको बेलामा हामीले चार किलो बनीको कुरालाई लिएर हडताल गऱ्यौं । सुरुमा त सब राम्रै थियो । तीन दिनसम्म काम ठप्प भयो । हामीले फेकन र शनिचरलाई अगुवा बनाएका थियौं । पछि उनीहरूले धोखा दियो र धनीहरूसँग मिल्यो । चार चार मन धान दिन्छु भनेका थिए रे र त्यै लोभमा हडताल बिच्काइदियो । पछि त्यही कुरालाई लिएर हामीले तिनीहरूलाई केरकार गऱ्यौं, झगडाफसाद भयो र हामीले उनीहरूलाई आफ्नो पाटीबाट हटाइदियौं । पछि मालिकहरूले पनि एक मनभन्दा बढी

धान दिएन रे । त्यसपछि उनीहरू छुट्टै पाटी बनाएर बस्या छन् । हडताल पनि बिच्किहाल्यो, न बनी बढ्यो, उल्टै हाम्रो एकता टुट्यो ।" ऊ वरपर छरिएका सिमलका राता फूलहरू जम्मा पार्दै थियो - सायद गोरुलाई खुवाउन ।

"हुन त यो एक किसिमले राम्रो पनि भयो, एक किसिमले नराम्रो पनि भयो । यस्तो भइरहन्छ तर हामीले हिम्मत हार्नु हुँदैन । कमसेकम अब हाम्रो पार्टीमा धोखेबाजहरू त रहेनन् कि !"

"त्यही कुराको खुसी छ; हिम्मत त किन हारिन्थ्यो र ! अरे, एक साल भएन त अर्को साल कहाँ जाला ! जब उतर गए रण पे तो पिछे हटना क्यों ? तर एउटा कुराको दुःख छ भाइ ! यस्तो बेलामा, किसुन भाइ ! तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभरोस मिल्थ्यो, बल मिल्थ्यो; आखिर हामी त मूर्ख र गँवार न हौं । तिमी लेखपढ गरेको मान्छे । तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ । तर तिमी पनि परदेशी भइदिँदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ...।"

यस पटक परिछनको कुरो सुनेर म मर्माहत भएँ ।

"परिछन ! यसो भनेर किन मलाई लज्जित पार्छौ । गाउँ तिमीहरूकै हो । तिमीहरूकै हँसिया, खुर्पी, कोदालो र पाखुरीका बलमा गाउँ बाँचेको छ, गाउँका इज्जत भनेका तिमीहरू नै हौ । तिमीहरूकै आडमा गाउँ अभिमानी भएको छ । तिम्रो पाखुरीले यो खोलाको धारलाई त फर्काउँछ भने गाउँको इज्जत माथि नउठाउला त...!"

"किसुन भाइ ! तिमीलाई कुरामा जित्न सकिँदैन । खैर, जे होस्, यसपालि महावीरजीको झन्डाको मेलामा हामी नाटक खेल्छौं । गाउँको घटनाहरू राखेर एउटा खुब राम्रो नाटक लेखिदेऊ । अहिले भोकाएका पनि हौला... । भरे फेरि भेटौंला ।"

यसपछि हामी छुट्यौ - भरे भेट्ने वाचामा । मेरो मानसपटभरि परिछनको स्वर मडारिँदै थियो- "गाउँका घटनाहरू राखेर एउटा खुब राम्रो नाटक लेखिदेऊ ।" नाटक लेख्न नजान्ने म यो धुनमा सोच्दै हिँडिरहेथेँ कि नाटक कसरी र कहाँबाट थालौं ....? गाउँमा टेक्न पनि नपाउँदै परिछनले ममाथि गहन जिम्मेदारी सुम्पिदिएको थियो ।

धेरै पर पुगिसक्दा पनि म उसको स्वर सुन्दै थिएँ- "ह ऽऽ गोला, फुर्ती से चाल बढाके ।"

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| (क) कोला | पूर्ण नपाकेको मकै, गहुँलाई पोलेर तयार पारेको खानेकुरा |
| (ख) आर्द्र | गाउँबस्तीमा आफ्नो हैकम जमाउने मान्छे |
| (ग) क्रीतदास | खेतको गरो |
| (घ) ओरहा | गाईभैँसीको दुध दुहुने काठ वा बाँसको भाँडो |
| (ङ) ठालु | नरम; रसिलो |
| | पैसा दिएर दास बनाएको |

२. **दिइएका अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) स्वतन्त्र

(ख) कपडाको भकुन्डो

(ग) अड्काउ

(घ) भिन्न हुनाको अनुभव

(ङ) अर्काको काम गरिदिएबापत पाइने पारिश्रमिक

(च) इज्जत

३. **दिइएका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

नौटङ्की, रिहर्सल, हुटहुटी, आली, अन्तराल, कृपापात्र, नासो, रण, मानसपट

४. **दिइएका टुक्काहरूको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :**

बिँडो थाम्नु, पाखुरा बर्जानु, लाजले पानी हुनु, वशमा पार्नु, हातेमालो गर्नु

५. **कक्षामा छलफल गरेर माथिका बाहेक अरू प्रचलित दशओटा टुक्का खोजेर लेख्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **'गाउँको माया' कथा पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) यस कथामा कतिओटा अनुच्छेद छन् ?

(ख) सातौँ अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(ग) कृष्णको प्रवेश कुन अनुच्छेदमा भएको छ ?

(घ) 'म' पात्र किन गाउँ गएको हो ?

(ङ) कथाका आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।

२. **'गाउँको माया' कथाका आधारमा दिइएका घटनाक्रमलाई क्रमबद्ध रूपमा लेख्नुहोस् :**

(क) पानी पिएपछि परिछनले गाउँका ठालुका कारण गाउँमा तीन पाटी भएको कुरा सुनाउनु

(ख) 'म' पात्रले तिमीहरूकै कारणले गाउँ प्रगतिको पथमा छ भन्दै राम्रो कामको श्रेय परिछनलाई दिएर सम्मान प्रकट गर्नु

(ग) 'म' पात्र करिब दुई वर्षपछि आफ्नो गाउँले जीवनका अनेक घटना सम्झँदै गाउँतिर फर्कनु

(घ) तिमी गाउँमै भए ठालुहरूले यसरी सताउन नसक्ने कुरा परिछनले 'म' पात्रलाई बताउनु

(ङ) परिछनले जयरामजीकी भनी बोलाएको आवाजले 'म' पात्र झस्किनु

(च) महावीरजीको झन्डा मेलामा गाउँकै घटनाहरू राखेर परिछनले 'म' पात्रलाई नाटक लेख्न अनुरोध गर्नु

(छ) परिछनसँग गाउँका अनेक सुखदुःखका कुराकानी गर्नु

(ज) गाउँ टेक्न नपाउँदै एउटा गहन जिम्मेवारी पाइएको कुरा सोच्दै 'म' पात्र घरतिर लाग्नु

(झ) परिछन खोलाछेउको कुवामा पानी लिन जानु र 'म' पात्रले खोलाका राम्रा नराम्रा पक्षका बारेका सोच्नु

३. **'गाउँको माया' कथामा संवादका क्रममा अन्य भाषाबाट आएका केही वाक्यहरू पनि छन् । छलफल गरी ती वाक्यहरूको अर्थ पत्ता लगाउनुहोस् :**

(क) "जब उतर गए रण पे तो पिछे हटना क्यों ?"

(ख) "ह ऽऽ गोला, फुर्ती से चाल बढाके ।"

(ग) "गाई चरवाहा टुअर-टापर, भैंस चरवाहा चोर । बकरी चरवाहा छिनर-छानर, ताके चार ओर ।"

४. **'जमाना थियो....उनीहरूसँग मिसिन्थें' कथांश पढी सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) 'म' पात्रलाई पढाउनुपर्छ भनी उत्साह भर्ने को थिए ?

(ख) परिछनको नियति कसरी पुस्तान्तरण भएको हो ?

(ग) यस अनुच्छेदमा प्रयुक्त लोकगीतको अंशले दिने विचारप्रति आफ्नो धारणा व्यक्त गर्नुहोस् ।

(घ) 'म' पात्रले परिछनलगायतका बालदौंतरीसँग सम्बन्ध सुधार्न के के गऱ्यो होला ?

(ङ) यस अनुच्छेदको मुख्य सन्देश के हो ?

५. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

खोलो अचेल फेरि गाउँतिर सोभिएको रहेछ । यो खोलाले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओरहा खाने निहुँमा त कहिले गाईभैंसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौं अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौं । तर्न डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौं र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौं र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो । "यहींनिर कुवा छ, गए सालको वर्षामा मूल फुटेको एकदम चिसो र मिठो पानी छ ।" ऊ पानी लिएर आइसकेको थियो ।

**प्रश्नहरू**

(अ) खोलाले रुवायो भन्ने कुरा मात्र गर्दा कसरी अन्याय हुन्छ ?

(आ) 'म' पात्रका खोलासँगका बालअनुभूति कस्ता छन् ?

६. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

"त्यही कुराको खुसी छ; हिम्मत त किन हारिन्थ्यो र ! अरे, एक साल भएन त अर्को साल कहाँ जाला ! जब उतर गए रण पे तो पिछे हटना क्यों ? तर एउटा कुराको दुःख छ भाइ ! यस्तो बेलामा, किसुन भाइ ! तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभरोस मिल्थ्यो, बल मिल्थ्यो; आखिर हामी त मूर्ख र गँवार न हौँ । तिमी लेखपढ गरेको मान्छे । तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ । तर तिमी पनि परदेशी भइदिँदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ...।"

**प्रश्नहरू**

(अ) कृष्णलाई सबैले किन सम्मान गरेका हुन् ?

(आ) पढेलेखेका मान्छेले गाउँ छोड्यो भने गाउँमा कस्तो असर पर्छ ?

७. **व्याख्या गर्नुहोस् :**

(क) हाम्रो गाउँमा पनि साँच्चैका मान्छेहरू रहेछन् जो जीवनलाई बुझ्दै छन् ।

(ख) तिम्रो पाखुरीले खोलाको धारलाई त फर्काउँछ भने गाउँको इज्जत माथि नउठाउला त ?

८. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) 'गाउँको माया' कथामा कस्तो समाजको चित्रण गरिएको छ ?

(ख) 'गाउँको माया' कथाका आधारमा दिइएका पात्रको चरित्रचित्रण गर्नुहोस् :

(अ) कृष्ण (आ) परिछन

९. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

उसको मनमा एक दिनको दृश्य झलक्क झिल्क्यो । जब यस अनाथालयको उद्घाटन भएको थियो, बालकहरू कराएथे, "हाम्रो परोपकार अनाथालय जिन्दावाद !" त्यस बेला उसले मनमनै आशीर्वाद दिँदै भनेथ्यो, "बच्चा हो ! त्यसो नभन ! बरु चिताओ कि अरू भाइलाई अनाथ बन्ने मौका नमिलोस् !"

अनाथालयको उन्नतिले समाजमा दयाभावका साथै व्यभिचार र पापको पनि सबुत दिन्छन् भन्ने भावना उसले मनबाट हटाउन सकेको थिएन । चन्दा ऊ दिन्छ; चाहन्छ कि अरू पनि दिउन् तर भित्री मन छ उसको कि समाजले कुकृत्य नगरे अनाथालयको आवश्यकतै रहँदैन ।

“जय !” संयुक्त स्वरमा कराएको देखेर अझ देब्रे लाग्यो । झ्यालबाट हेऱ्यो । देख्यो कुनै सज्जन फलफूल बाँडिरहेछन् । ठिक हो बिगार्नेभन्दा सपार्ने धेरै छन् । अलि अलि चन्दा धेरैबाट आए धेरै बन्न सक्छ ।

*साभार : गौँथलीको गुँड (शङ्कर लामिछाने)*

**प्रश्नहरू**

(क) निबन्धकारको मतका आधारमा अनाथालय भएको र नभएको समाजको अन्तर बताउनुहोस् ।

(ख) हामी अनाथ, गरिब र बिरामीलाई के कसरी सहयोग गर्न सक्छौँ ?

(ग) अनाथालयप्रति तपाईंको धारणा कस्तो छ ?

(घ) ‘समाजमा बिगार्नेभन्दा सपार्ने धेरै छन्’ भन्नुको तात्पर्य के हो ?

१०. **दिइएको अनुच्छेद पढी सारांश लेख्नुहोस् :**

अन्न उत्पादनका दृष्टिले नेपालमा जमिनलाई दुई वर्गमा बाँडिन्छ । समतल वा गरा गरामा बाँडिएको र आली लगाई पानी जमाएर धानको उत्पादन गरिने जमिनलाई खेत भनिन्छ । पाखाबाली मात्र लाग्ने आबादी जग्गालाई बारी भनिन्छ । बारीमा धान नउब्जाए पनि मकै, कोदो, आलुलगायतका खाद्यान्न उब्जाइन्छ । उर्वराशक्तिका आधारमा जमिन अब्बल, दोयम, सिम र चाहार गरी चार किसिमका हुन्छन् । सिँचाइको प्रशस्त सुविधा भएको र दुई वा त्यसभन्दा बढी बाली लाग्ने मलिलो भूमिलाई अब्बल भनिन्छ । अब्बलभन्दा अलि कमसल किसिमको र अब्बलभन्दा अलि कम उब्जाउ हुने भूमिलाई दोयम भनिन्छ । सिम चाहिँ दोयमभन्दा पनि कमसल हुन्छ । यस्तो कतिपय जमिनमा धान त फल्छ तर सिम जमिन ओसिलो र धापिलो हुन्छ । यस्तो भूमि गजगजे पनि हुन्छ । सिँचाइ सुविधा नहुने र आकासे पानीको भर पर्नुपर्ने सुक्खा माटो भएको जग्गा चाहार हो । सिँचाइ उपलब्ध भए पनि यस्तो जमिन रुखो हुने हुँदा अनाज फल्दैन वा फलिहाले पनि अत्यन्त कम मात्र फल्छ ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ २ सुन्नुहोस् र छुटेका शब्द राखी खाली ठाउँ भर्नुहोस् :**

(क) एक जना सिकर्मीले कुनै कारखानामा धेरै वर्ष काम गरेपछि ........... लिने विचार गरे ।

(ख) मैले यस कारखानामा बिस वर्षको उमेरदेखि लगातार ............ वर्ष काम गरेँ ।

(ग) मैले एउटा घर ............... लिएको छु, त्यो तीन महिनामा सकिन्छ होला ।

(घ) "तपाईं यस कारखानाको सबैभन्दा पुरानो र सबैभन्दा ............ सिकर्मी हुनुहुन्छ ।"

(ङ) म तपाईंले यस कारखानामा पुऱ्याउनुभएको योगदानको .......... गर्दै अन्तिम पटक तपाईंले तयार गर्नुभएको यो घर तपाईंलाई नै कारखानाको तर्फबाट ............. अर्पण गर्छु ।

२. **सुनाइ पाठ २ का आधारमा उत्तर दिनुहोस् :**

(क) सिकर्मीले कति वर्षको उमेरमा अवकाश लिने निर्णय गरे ?

(ख) सिकर्मीलाई अन्तिमका तीन महिना किन जाँगर नचलेको होला ?

(ग) यस लघुकथाले दिने सन्देश के हो ?

३. **गाउँका समस्याबारे पत्रपत्रिका, रेडियो वा टेलिभिजनबाट प्रसारित समाचार पढेर वा सुनेर समस्या, समस्याका कारण र समाधानका उपाय कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## भाषातत्त्व

### मूल शब्द र व्युत्पन्न शब्द

खोलो **अचेल** फेरि **गाउँ**तिर सोझिएको रहेछ । यो **खोला**ले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओरहा खाने निहुँमा त कहिले गाईभैंसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौं अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौं । तर्न डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौं र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौं र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो ।

माथिको कथांशमा गाढा अक्षरमा लेखिएका **अचेल**, **गाउँ** र **खोला** जस्ता शब्दहरू मूल शब्द हुन् । रेखाङ्कन गरिएका शब्द अन्याय (अ - न्याय), विगत (वि - गत), चराउने (चराउ - ने), समाएर (समाउ - एर), गाईभैंसी (गाई र भैंसी) र तीनचार (तीन वा चार) जस्ता शब्द व्युत्पन्न शब्द हुन् ।

घर, मान्छे, बाटो, ढुङ्गा, फूल, पानी, तेल, हिउँ जस्ता शब्द र खा, बस्, हिड्, पढ् आदि धातुहरू मूल शब्द हुन् । घरेलु (घर+ एलु), गाउँले (गाउँ+ ले), प्रदेश (प्र+ देश), प्रत्युत्तर (प्रति + उत्तर), कुबाटो (कु + बाटो), हिमालय (हिम + आलय), राजकाज (राज + काज), घरैघर (घर + घर), झैझगडा (झगडा + झगडा) आदि शब्दहरू व्युत्पन्न शब्द हुन् ।

## अभ्यास

**१. रेखाङ्कन गरिएका शब्द मूल वा व्युत्पन्न के हुन्, पहिचान गरी लेख्नुहोस् :**

"किसुन भाइ ! यो दुईतीन बरसमा गाउँमा धेरै उथलपुथल भयो । गए साल रोपाइँको बेलामा हामीले चार किलो बनीको कुरालाई लिएर हडताल गर्‍यौं । सुरुमा त सब राम्रै थियो । तीन दिनसम्म काम ठप्प भयो । हामीले फेकन र शनितरलाई अगुवा बनाएका थियौं । पछि उनीहरूले धोखा दियो र धनीहरूसँग मिल्यो, चार चार मन धान दिन्छु भनेका थिए रे, र त्यै लोभमा हडताल बिच्काइदियो । पछि त्यही कुरालाई लिएर हामीले तिनीहरूलाई केरकार गर्‍यौं, झगडाफसाद भयो र हामीले उनीहरूलाई आफ्नो पाटीबाट हटाइदियौं । पछि मालिकहरूले पनि एक मनभन्दा बढी धान दिएन रे, त्यसपछि उनीहरू छुट्टै पाटी बनाएर बस्या छ । हडताल पनि बिच्किहाल्यो, न बनी बढ्यो उल्टै हाम्रो एकता टुट्यो ।" ऊ वरपर छरिएका सिमलका राता फूलहरू जम्मा पार्दै थियो - सायद गोरुलाई खुवाउन ।

**२. दिइएको अनुच्छेदमा रहेका मूल र व्युत्पन्न शब्द पहिचान गरी सूची बनाउनुहोस् :**

झलकमानले बालककालमा लेखपढ गर्न पाएनन् । झलकमानको आठ वर्षसम्मको बाल्यकाल त्यत्तिकै बित्यो । नौ वर्षको उमेरदेखि झलकमान पुर्खाले जस्तै गाउन बजाउन थाले । विद्यालय महाविद्यालयमा पढ्न नपाए पनि झलकमानले आफ्नो एक्लो परिश्रममा सङ्गीतको सिप बढाउँदै लगे । उनी आफूले गाउने गीत आफैं सङ्कलन गर्थे र रचना पनि गर्थे । उनी आफूले गाउने गीतमा आफैं सङ्गीत भर्थे । उनका गीत मिठा छन् ।

**शब्दस्रोत : तत्सम, तद्भव र आगन्तुक शब्द**

पानी पिउँदै गर्दा लगभग उदास र **आर्द्र** उसको स्वर मेरो कानमा गुन्ज्यो । उसले जसरी अँध्यारो **मुखमुद्रा**मा बिनाभूमिका मलाई यो खबर सुनायो । **सहसा** मलाई लाग्यो - गाउँमा *सायद* अब अङ्ग्रेजहरूको रोग सर्दै छ, *डिभाइड एन्ड* रुल ! र परिछिनहरू भाँचिँदै छन् । परिछिनहरूको सगबगाउँदो **चेतना**सँगै गाउँका ठालुहरू नयाँ जुक्तिहरू सोच्दै छन् ताकि *तमाम* परिछिनहरू परिछिन नै रहुन् । अर्थात् क्रीतदासरूपी हलीगोठाला नै रहुन् र *मालिक*हरूकै कृपापात्र भएर रहुन्, जुन एउटा परम्पराका रूपमा तिनका पुर्खाहरूले तिनका हातमा नासो छोडेर गएका थिए ।

माथिको कथांशमा गाढा अक्षरले लेखिएका **आर्द्र, मुखमुद्रा, सहसा र चेतना** शब्द तत्सम हुन् । रेखाङ्कन गरिएका पानी, कान र अँध्यारो जस्ता शब्द तद्भव हुन् भने छड्के अक्षरमा लेखिएका डिभाइड, सायद, तमाम र मालिक  शब्दहरू आगन्तुक हुन् ।

नेपाली भाषामा प्रयोग हुने सूर्य, चन्द्र, अग्नि, नवीन, अंश, अक्षर, ईश्वर, पृथ्वी, प्रजा, बालक, शिक्षा, मूर्ति आदि तत्सम शब्द हुन् । आगो (अग्नि), भात (भक्त), हात (हस्त), माटो (माटि), रगत (रक्त), घाम (घर्म), काठ (काष्ठ), धाम (धर्म) आदि तद्भव शब्द हुन् । कोट, फोटो, टेबल, टेलिभिजन, टेलिफोन, रेडियो, अन्दाज, जागिर, हप्ता, सरकार, गुलाफ, मुङ्ग्री, गम्छा, जुडो, होन्डा, कराँते, कर्फ्यु, टुरिस्ट, पुलिस, रेस्टुराँ, कलेज, किन्डरगार्टेन, सेमिनार, थर्मस, थेसिस, झ्याल, पसल, बुइँगल, खापा, डम्फु, मैच्याङ, च्याङ्बा, सेलो, राडी, थुन्से, घुम, रोदी, पटुका, पाखी, परेवा, मुन्धुम, याक्सा, जिम्बु, लामा, च्याङ्ग्रा, डाँफे, पैनी, पटुवा आदि आगन्तुक शब्द हुन् ।

## अभ्यास

१. **दिइएको कथांशमा गाढा अक्षरमा लेखिएका शब्दहरू तत्सम, तद्भव र आगन्तुक के हुन्, छुट्याउनुहोस् :**

**अखबार**को **पङ्क्ति**बाट **आँखा** हटाएर मैले **आगन्तुक**पट्टि हेरेँ । उसका **हात**मा एउटा सादा **लिफाफा** र एक **पाना कागज** थियो । हल्ला मच्चाएर मेरो **शान्ति भङ्ग** गरिदिएको हुनाले आगन्तुकउपर मलाई अलिअलि **रिस** उठिराखेको थियो । झर्केर सोधेँ- “के बाबु बाबु चिच्याइरहेको ? को **बाबु**लाई खोज्छौ तिमी ।”

२. **दिइएका शब्दहरू ध्यानपूर्वक पढ्नुहोस् र तत्सम, तद्भव र आगन्तुक शब्दहरूको बेग्लाबेग्लै सूची बनाउनुहोस् :**

पृथ्वी, जेठ, पटुवा, अग्नि, साउन, ढाट, वायु, असार, पसल, ऋषि, बाटो, ढेवा, ज्ञान, सासू, कदर, प्रज्ञा, ससुरा, जागिर, ऊर्जा, दिल, हाकिम, पाइप, आगो, छात्र

३. **दिइएको अनुच्छेदबाट तत्सम शब्द पहिचान गरी सूची बनाउनुहोस् :**

म कर्नालीमा जन्मेँ । मेरो अनुभूतिमा म जुम्ला देख्छु र तिला नदी मेरो हृदयमा दौडिन्छ । नेपाली सभ्यताको यात्रा सिँजाबाट सुरु भएको मानिन्छ । म त्यहीँ सिँजामा जन्मेँ र हुर्केँ । मेरो हिमाल चित्ताकर्षक छ । मेरो समाज भावनात्मक छ । म सिँजालाई प्यारो जन्मभूमिका रूपमा देख्छु र यस भूमिबाट सिङ्गो नेपाललाई हेर्छु ।

४. **दिइएको अनुच्छेद पढी तद्भव र आगन्तुक शब्द छुट्याएर लेख्नुहोस् :**

रात अँध्यारो थियो । म लालटिन बोकेर खेततिर लागेँ । उताबाट जर्नेल साहेब पनि आइपुग्नुभयो । उहाँको हातमा रेडियो थियो । उहाँ मोबाइलको लाइट बालेर बाटो काट्दै आउनुभयो । उहाँको काँधमा झोला थियो । थर्मसमा चिया थियो । जाडाले काम्दै गाउँका अरू मानिसहरू पनि आए । राति वन्यजन्तुको सिकार गर्न सिकारी आए । हामी सबै भेला भएर सिकारीलाई धपायौँ र जङ्गलका जन्तुलाई बचायौँ ।

## शब्दकोशको प्रयोग

कुनै पनि भाषाका शब्दहरू सङ्ग्रह गरेर व्यवस्थित रूपले त्यसको अर्थ विधान गरिएको ग्रन्थलाई शब्दकोश भनिन्छ । शब्दकोशमा शब्दका अर्थ मात्र हुँदैनन् । यसमा शीर्ष शब्द, शब्दको हिज्जे, शब्दको उच्चारण, व्याकरण निर्देश, शब्दको स्रोत, शब्दको अर्थविधान, शब्दको गौण र उपप्रविष्टि, व्युत्पादक सर्ग, पर्याय, विपर्याय, उखानटुक्काको प्रयोग, उदाहरण, चित्राङ्कन आदि हुन्छन् । यस्ता विषयलाई शब्दकोशमा प्रसङ्गअनुसार व्यवस्थित गरिएको हुन्छ । शब्दकोशमा कुनै शब्द चढाउनुलाई प्रविष्टि भनिन्छ । शब्दकोशमा शब्दहरू वर्णानुक्रममा राखिन्छ । शब्दकोशमा विभिन्न सङ्क्षिप्त शब्द र सङ्केत चिह्नहरू दिइएका हुन्छन्, जस्तै :

### सङ्केत सूची

| | | |
|---|---|---|
| **अ** : अरबी | **अ.क्रि** : अकर्मक क्रिया | **अङ्** : अङ्ग्रेजी |
| **अव्य** : अव्यय | **इ** : इत्यादि | **उदा** : उदाहरण |
| **क.क्रि** : कर्मवाच्य क्रिया | **क्रि.वि** : क्रियाविशेषण | **था** : थारू |
| **निपा** : निपात | **नेवा** : नेवारी | **फा** : फारसी |

### सङ्केत सूची

| | |
|---|---|
| / : विभाजक (विकल्प रूप) | ( ) : गौण सङ्केत |
| – : निर्देशक चिह्न तथा समस्त पद सङ्केत | + : संयोजक वा जोड |

शब्दकोश हेर्नुभन्दा पहिले यस्ता सङ्केतहरूका बारेमा थाहा पाउनुपर्छ । शब्दकोशमा शब्दहरूको वर्णानुक्रममा शब्दहरूको प्रविष्टि गरिएको हुन्छ । **नेपाली बृहत् शब्दकोश**मा शब्दहरूको प्रविष्टि निम्नलिखित वर्णानुक्रममा राखिएको छ :

(क) सर्वप्रथम स्वरवर्ण (अ, आ, इ...) र त्यसपछि व्यञ्जन वर्ण (क, ख, ग ...) को क्रम रहेको छ ।

(ख) स्वरवर्ण क्रममा अ (अँ, अं, अ) आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ रहेको छ ।

(ग) व्यञ्जनवर्णमा क, ख, ग, घ, हुँदै ह सम्म रहेको छ ।

(घ) बाह्रखरीमा क, कँ, कं, क, का, कि, की, कु, कू, कृ, के, कै, को, कौ क्य, क्र, क्ल, क्ष रहेको छ । यसै गरी त्र वर्ण त को क्रममा ज्ञ वर्ण ज को क्रममा रहेको छ ।

तल **नेपाली बृहत् शब्दकोश**को एउटा पाना (पृष्ठ १, दसौं संस्करण) को नमुना दिइएको छ । त्यहाँ 'अ' बाट सुरु हुने केही शब्द र तिनका अर्थहरू पनि दिइएका छन् । यसका साथै त्यहाँ विभिन्न सङ्केत र सङ्क्षिप्त रूपहरू पनि दिइएका छन् । तिनलाई ध्यानपूर्वक पढ्नुहोस् :

# अ

अ१- १. देवनागरी वर्णमालाको स्वरवर्णमध्ये पहिलो स्वरवर्ण; परम्परागत रूपमा कण्ठस्थानबाट उच्चारण हुने ह्रस्व स्वरवर्ण मानिएको र भाषाविज्ञानअनुसार आधाखुला, केन्द्रीय स्वरवर्ण; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न। २. लेखाइका क्रममा विषयवस्तुको वर्गीकरण वा विभाजन उपविभाजनका निम्ति स्वरवर्णको प्रयोग गरिँदा दिइने क्रमबोधक पहिलो चिह्न ।

अ२- [सं.] *ना.* १. ॐ भित्र अन्तर्निहित मानिएका अ+उ+म् तीन ध्वनिमध्ये विष्णुलाई बुझाउने पहिलो ध्वनि। (उ तथा म् ध्वनि क्रमशः शिव तथा ब्रह्मालाई बुझाउने मानिन्छन्।) २. संस्कृत एकाक्षरी कोशअनुसार मूलतः विष्णुलाई जनाउने मङ्गलवाची शब्द। ३. *पू.स.* शब्दका अगाडि लागी अभाव, भिन्नता, विपरीतता आदि अर्थ बुझाउने पूर्वसर्ग (अगति, अज्ञान, अफाप, अयोग्य इ.)।

अ३- *नि.* झर्को, गाली, बेवास्ता, अस्वीकार आदि बुझाउन आवेगका अवस्थामा प्रयोग गरिने विस्मयादिबोधक शब्द; आ। (उदा.- अ, बिनसित्ति कति चलेको? अ, म यति बेला बजार जान्नँ।)

अँ- *नि.* [प्रा. आम< सं. आम्] स्वीकार, सम्झना, आश्चर्य, उपेक्षा, प्रसन्नता, पीडा आदि भाव जनाउने, प्रायः वाक्यका अगाडि आउने शब्द। (उदा.- अँ, मलाई सन्चो छैन। अँ, त्यस्तो पनि होला। अँ, तिमीले भनेर हुन्छ!)

**अँकाइ**- *ना.* [√ आँक् (+आइ)] आँक्ने भाव, क्रिया वा प्रक्रिया।

**अँकाइनु**- *क.क्रि.* आँक्न लाइनु।

**अँकाउनु**- *प्रे.क्रि.* आँक्न लाउनु; आँक्ने पार्नु।

**अँगरखा/अँगर्खा**- *ना.* [प्रा. अङ्गरख] घाँटीदेखि घुँडामन्तिरसम्मको लामो कुर्ताजस्तो प्रायः साधुसन्तहरूले र विशेष अवस्थामा राजा, मन्त्री आदिले पनि लगाउने वस्त्र।

**अँगार**- *ना.* [प्रा. अंगारो< सं. अङ्गार] दाउरा आदि ज्वलनशील वस्तु बलेर कोइला भई निभेको, तर खरानी भइनसकेको प्राङ्गारिक, कालो वस्तु; गोल; अङ्गार; अङार।

**अँगारे**- *वि.* अँगारजस्तो कालो; ज्यादै कालो; अङ्गारे।

**अँगाल्नु**- *स.क्रि.* [अँगालो+नु] १. स्नेह वा आत्मीयता जनाउन कसैलाई दुई हातले च्यापेर छातीमा टाँस्नु; निकटता देखाउन परस्परमा अँगालो मार्नु; अङ्कमाल गर्नु। २. कुनै कामकुरा वा पेसालाई ग्रहण गर्नु; लिनु। (उदा. उनले शिक्षकको कार्य अँगाले।) ३. सहायता गर्नु; पक्ष लिनु।

**अँगालाइ**- *ना.* अँगाल्ने भाव, क्रिया वा प्रक्रिया।

**अँगालिनु**- *क.क्रि.* अँगाल्ने काम गरिनु; अँगालो हालिनु।

**अँगाले**- *वि.* [अँगालो+ए] १. एक अँगालामा अटाउने; अँगालामा बोकिने; अँगालाभरिको। *ना.* २. खलामा धान चुट्ने वा झाँट्ने बेलामा धानका अँगाला बोक्ने खेतालो; बिटा बोक्ने मान्छे।

**अँगालो**- *ना.* [सं. आलिङ्गन] १. स्नेह वा आत्मीयता जनाउन कसैलाई दुवै हातले च्यापेर आफ्नो छातीमा टाँस्ने काम; आत्मीयता वा निकटता जनाउन एकले अर्काको वा एकअर्काको काँधमा हात राख्ने काम; आलिङ्गन; अङ्कमाल; अङ्गालो। २. दुई हात फैलाएर च्याप्न सकिने परिमाण; बाहाँभरिको परिमाण (एक अँगालो दाउरा, एक अँगालो घाँस, अँगालाभरिको रुख इ.)।

**अँगालो दिनु**- *टु.* भिड्नु। (उदा.- निर्धाले बलियालाई अँगालो दिन सक्तैन।)

**अँगालो मार्नु/हाल्नु**- *टु.* अङ्कमाल गर्नु।

**अँगुठी**- *ना.* हे. औँठी।

**अँगुठो**- *ना.* [प्रा. अंगुट्ठो< सं. अङ्गुष्ठ] १. हात वा खुट्टाको दुई आँख्ला भएको मोटो औँलो; बुढी औँलो; औँठो। २. अँगुठाको छाप; ल्याप्चे सही।

**अँगेठी**- *ना.* [प्रा. अगिट्ठो< सं. अग्निष्ठिक] आगो ताप्नाका निम्ति प्रयोग हुने, बोकेर चाहेका ठाउँमा लगिने माटो वा धातुको भाँडो; बोर्सी; मकल; अटल।

**अँगेर**- *ना.* पोथ्रो होचो, पात रातो रातो तथा सानो र गेडा रातो हुने एक प्रकारको विषालु वनस्पति; केही मात्रामा गुलियो, तमतमाउँदो र बेसी मात्रामा खाँदा विषालु, वस्तुभाउले खाँदा असर गर्ने वनस्पति र वनस्पतिको फल।

**अँगेरी**- *ना.* चैतमा पाउलिने, पाउलो लाग्दा रातो भावको देखिने र पछि हल्का हरियो पात हुने, ल्वाङका आकारका दाना फल्ने, वस्तुभाउले पालुवा खाँदा पेट ढाडिने र त्यसको असरले मर्न पनि सक्ने वनस्पति।

**अँगोछा**- *ना.* शरीर पुछ्ने वा कछाडजस्तो गरी बेरिने रुमाल; गम्छा; उपर्ना; अङोछा।

**अँचेट्नु**- *स.क्रि.* १. कसैमाथि दबाब दिनु; वशमा ल्याउनु। २. कुनै लचिलो वस्तुलाई बेसरी थिच्नु; घचेट्नु; ठेल्नु।

**अँचेटाइ**- *ना.* अँचेट्ने भाव, क्रिया वा प्रक्रिया।

**अँचेटाइनु**- *क.क्रि.* अँचेट्न लाइनु।

**अँचेटाउनु**- *प्रे.क्रि.* अँचेट्न लाउनु; च्यापिने पार्नु।

**अँचेटिनु**- *क.क्रि.* अँचेट्ने काम गरिनु; च्यापिनु।

**अँचेला**- *ना.* [सं. अञ्चल] खेतका गराका छेउमा माटो थुपारी बनाइएको आलीको माथिल्लो भाग।

**अँजुल्नु**- *स.क्रि.*[अँजुली+नु] १. अँजुलीले पानी, अन्न आदि वस्तु हुत्याउनु। २. कुनै वस्तु अँजुलीमा भर्नु। ३. दुइटा पसर जोड्नु; अँजुली पार्नु।

**अँजुलाइ**- *ना.* अँजुल्ने भाव, क्रिया वा प्रक्रिया।

**अँजुलिनु**- *क.क्रि.* अँजुल्ने काम गरिनु।

**अँजुली**- *ना.* [सं. अञ्जलि] १. दुई उत्ताना हत्केला जोडी औँलाहरू केही कुप्र्याएर खोची वा बटुकोजस्तो खोबिल्टो पारिएको स्थिति। २. प्रार्थना गर्दा उपर्युक्त किसिमले दुई हत्केला जोड्दा हुने मुद्रा। ३. दुई हत्केला जोडी बनाइएको खाल्टाभरिको कुनै वस्तुको परिमाण (एक अँजुली पानी, एक अँजुली फूल इ.); अञ्जली; करसम्पुट।

**प्रश्नहरू**

(क) माथिको शब्दकोशका नमुना पानामा दिइएका शब्दहरूले के कस्ता अर्थ दिइएका छन्, लेख्नुहोस् :

अँगार, अँगेठी, अँगेर, अँजुली, अँचेला, अँचेटिनु, अँगालो

(ख) शब्दकोश हेरी माथिको शब्दकोशको नमुना पानामा छड्के अक्षरमा दिइएका सङ्क्षिप्त शब्दका पूरा रूप लेख्नुहोस् ।

(ग) शब्दकोश हेरी दिइएका शब्दको अर्थ लेख्नुहोस् :

अकेला, पिन्चे, एकाघर, जातक, रोहबर, ठाँट, घडा, चैत्य, पँधेरो, यथार्थ

(घ) दिइएका शब्दहरूलाई शब्दकोशको क्रममा लेख्नुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (अ) | कृष्ण | कपडा | क्षति | कंश | मस्त | क्रम | शारीरिक |
| (आ) | ऐश्वर्य | एउटा | आफू | ईश्वर | उर्लनु | ऊर्जा | आँधी |
| (इ) | मृत्यु | व्यवहार | मानसिक | तिम्रो | ज्ञान | त्रास | मूल |
| (ई) | उपहार | अचानो | अँध्यारो | उपेक्षा | आँधी | उपकार | ओठ |

## सिर्जना/परियोजना

१. **दिइएका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :**

(क) थुप्रै केटाकेटी चौतारामा भेला भएर खेलिरहेका

(ख) अचानक एउटा सर्प देखा परेको

(ग) केटाकेटीहरूले मिलेर सर्पलाई ढुङ्गाले हानी मार्न तम्सिएका

(घ) एक भलाद्मी व्यक्तिले यस्तो अर्कालाई मार्ने पाप काम नगर भनी सम्झाएका

(ङ) सबै जना घरतिर फर्किएका

(च) घरमा पुगेपछि सत्यनारायणका मनमा पाप र धर्मका बारेमा खुल्दुली भएको

(छ) सत्यनारायणका बुबा लक्ष्मीनारायणले जसले अरूलाई दुःख दिन्छ उही पापी हो भनी सम्झाएका

(ज) बुबाको कुरा सुनेपछि सत्यनारायण खेत बगाउने खोला, घरको छाना उडाउने हावा, घर जलाउने आगो, बाख्रा मारेर खाने बाघ, कुखुरा चोरेर लाने स्याल, खुट्टामा घाउ बनाइदिने ढुङ्गो, लुगा फोहोर पारिदिने माटोलाई पनि पापी रहेछन् भनी निष्कर्ष निकालेका

(झ) भोलिपल्ट सत्यनारायण विद्यालय गएका

(ञ) विद्यालयमा पाप कर्मका बारेमा आफ्नो बुझाइ सुनाएका

(ट) ढुङ्गो, माटो, हावा, पानी, आगो, बाघ, स्याल गर्दै सबैलाई पापी भनेका

(ठ) सत्यनारायणको विचार शिक्षकले सुनेका

(ड) शिक्षकले प्राकृतिक वस्तु र तिनका कार्य बुझाएका, तीबिना बाँच्न नसकिने तथ्य बुझाएका

(ढ) सत्यनारायणको आफ्नो विचार परिवर्तन भएको

२. तपाईंको जीवनमा घटेको कुनै घटनालाई सिलसिलेबार रूपमा प्रस्तुत गरी छोटो कथा लेख्नुहोस् ।

३. नेपाली युवाहरू स्वरोजगारप्रति आकर्षित भइरहेका छन् । उनीहरूलाई अझ उत्प्रेरित गर्न के गर्नुपर्छ, कथात्मक ढाँचामा लेख्नुहोस् ।

४. तपाईंको समुदायमा रहेका नेपाली भाषाभन्दा भिन्न भाषामा प्रयोग हुने केही सर्वनाम, सङ्ख्यावाचक शब्द र घरेलु सामग्रीको सूची बनाई प्रस्तुत गर्नुहोस् ।

## सुनाइ पाठ २

### मायाको चिनो

एक जना सिकर्मीले कुनै कारखानामा धेरै वर्ष काम गरेपछि अवकाश लिने विचार गरे र ठेकेदारकहाँ गए र भने, "ठेकदारजी । मैले यस कारखानामा बिस वर्षको उमेरदेखि लगातार चालिस वर्ष काम गरेँ । अब चाहिँ मैले अर्को हप्तादेखि अवकाश लिने निर्णय गरेको छु ।"

आफ्नो कारखानाको सबैभन्दा सिपालु सिकर्मीको कुरा सुनेपछि ठेकेदारले भने, "ठिक छ त ! तर मैले एउटा घर ठेक्का लिएको छु, त्यो तीन महिनामा सकिन्छ होला । त्यो सिध्याउनुस् अनि अवकाश लिनुस् । हुन्न र ?"

सिकर्मीले केही छिन सोचेर हुन्छ भनिदिए । उनी त्यस कारखानामा अरू तीन महिना काम गर्न गए । उनलाई काम छोड्ने निर्णयपछि काममा कुनै जाँगर चलेन । तीन महिनामा जसोतसो त्यो घर सिध्याए र भोलिदेखि अवकाश लिने भए । त्यही दिन कारखानाका ठेकेदारले उनलाई उक्त घरको साँचो दिँदै भने, "तपाईं यस कारखानाको सबैभन्दा पुरानो र सबैभन्दा सिपालु सिकर्मी हुनुहुन्छ । तपाईंको मेहनत र सिपले यस कारखानाले धेरै धेरै प्रगति गऱ्यो । म तपाईंले यस कारखानामा पुऱ्याउनुभएको योगदानको कदर गर्दै अन्तिम पटक तपाईंले तयार गर्नुभएको यो घर तपाईंलाई नै कारखानाको तर्फबाट मायाको चिनो अर्पण गर्छु । स्विकार्नुस् ।"

ठेकेदारको कुरा सुनेर सिकर्मीले मनमनै भने, " ओहो ! यो कुरा मलाई तीन महिनाअघि नै थाहा भएको भए ....!"